☏०६७-४२०१५४,
४२०२५६,४२०५३०
🖷 ०६७-४२०१५४

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

पर्वत

प.सं : ०७२/७३

च.नं. :

मितिः- २०७२/७/२९

**विषय :- आ.व. ०७३/७४ को बजेट शिलिङ्ग र मार्ग दर्शन पठाईएको ।**

**श्री गाउँ विकास समितिको कार्यालय,**

**…………………………, पर्वत ।**

त्यस गाउँ विकास समितिमा आ.ब.०७३/७४ मा जिल्ला विकास समिति मार्फत प्राप्त हुने बजेट शिलिङ्ग नेपाल सरकारले स्वीकृत गरेको त्रिबर्षीय योजना, नेपाल सरकारका विषयगत कार्यालय, राष्ट्रिय, अर्न्तराष्ट्रिय, गैरसरकारी संघ संस्थाहरु, बन उपभोक्ता समूह, क्लव, आमा समुह गाविसको आन्तरीक श्रोतहरु समेतको अनुमान गरी तपसिलमा उल्लेखीत बुँदाहरुलाई समेत ध्यान दिई आ.ब.०७३/७४ को बार्षिक गाउँ विकास योजना तर्जुमा गर्नुहुन अनुरोध गरिन्छ।

**तपसिल :**

१ स्थानीय स्वायत्त शासन ऐन २०५५ को परिच्छेद ६ मा उल्लेख भए बमोजिम गाउँ विकास समितिको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियाका आधारहरुलाई पालना गर्ने ।

२. प्रयाप्त आधार सहित प्राथमीकिरण नगरीकन चालु योजनालाई वार्षिक कार्यक्रम र बजेटबाट नहटाउने ।

३. वार्षिक कार्यक्रममा नयाँ योजना वा कार्यक्रम समावेश गर्नु पर्दा संभाव्यता अध्ययन, लाभ लागत विश्लेषण, श्रोतको प्रयाप्त व्यवस्था र कार्यान्वयनको संस्थागत संरचना मिलाएर मात्र समावेश गर्नुपर्नेछ।

४.युद्धका कारणले बिग्रे भत्केका भौतिक संरचना पुर्ननिर्माण र विस्थापीत व्यक्तिहरुको पुर्नस्थापनाका लागि भौतिक पूर्वाधारको साथै सिपमूलक तालिममा सहभागिता, सामाजिक सद्भावना कायम गर्ने कुरालाई बिशेष ध्यान दिने ।

५. भौतिक संरचनाको नियमित र आवधिक मर्मत संभारका लागि बजेट विनियोजन गर्नुपर्नेछ। यस्ता कार्यक्रमको सञ्चालन र मर्मत संभारको कार्य समुदाय स्तरबाटै हुने व्यवस्था मिलाउनुपर्नेछ।

६. गाउँ विकास योजना तर्जुमा गर्दा गाविस स्थित बिषयगत कार्यक्रम समेटी एउटै बिषय क्षेत्रगत गाउँ विकास योजना तयार गर्नुपर्नेछ।

७. पूजीगत तर्फ विनियोजित रकमको कार्यक्रम तर्जुमा गर्दा महिलाहरुको सशक्तिकरण, वालवालिकाको हित, दलित बर्गको मूलप्रवाहिकरण, आदीवासी जनजाती उत्थान अशक्त र अपाङ्गहरुको हित र कल्याण सम्वन्धि आयोजनाहरुमा मागको आधारमा खर्च गर्न बालमैत्री गाविस पूर्वाधार निर्माण जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. यी कार्यक्रम अर्न्तगत सञ्चालन गरिने निर्माणका काममा श्रम प्रधान प्रविधि अवलम्वन गर्नुपर्नेछ।

९. गाउँ विकास समितिको पाश्वचित्रका आधारमा अति गरिब, विपन्न परिवारलाई संवोधन हुने गरी गरिवी निवारण सम्वन्धि कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

१०. गाउँ विकास योजना तर्जुमा गर्दा महिला, दलित, अपाङ्ग, स्थानीय संघ संस्था, बालबालिका, नागरीक समाजलाई समेत आमन्त्रण गर्नुपर्नेछ।

११. जिल्लाका ग्रामिण सडकहरुमा लगाईएको पटके सवारीकरको रकम सम्वन्धित सडक मर्मत कार्यमा खर्च गर्ने गरी कम्तीमा ३५ प्रतिशत रकम निकासा पठाईने हुँदा सो रकम समेत समावेश गरी योजना तर्जुमा गर्ने ।

१२. पूर्वाधार निर्माण, आयआर्जन लगायतका काममा संभव भए सम्म उपभोक्ता समिति परिचालन गरी कार्य गराउन प्राथमिकता दिनुपर्ने ।

१३. पूजीगत खर्चबाट चालु खर्चमा रकमान्तर गर्न पाईने छैन ।

१४. योजना तर्जुमा गर्दा स्थानीय निकाय **स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९** को पूर्ण पालना गर्नु पर्ने छ

१५. आम्दानी खर्च र भौतिक प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्वन्धित गाविसमा सवैले देख्नेगरी होडिङवोर्ड बनाई अनिवार्य रुपमा सार्वजनिक गर्नुपर्नेछ।

१६. यी कार्यक्रमहरु आ.ब. ०७३/७४ को जेष्ठ मसान्त भित्र सम्पन्न गरी आषाढ २० गते सम्म सार्वजनीक लेखापरिक्षण गरी आषाढ मसान्त भित्र जाँचपास र फरफारक गर्नुपर्नेछ।

# जिल्ला विकास समितिको कार्यालय, पर्वत

**स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३ बमोजिम गाँउ विकास समितिले योजना तर्जुमा गर्दा देहाय बमोजीमका आयोजनाहरुलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्नेछ । आ.व.०७३/७४ को प्रयोजनको लागि**

(क) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

(ख) गाउँका जनताको जिवनस्तर, आम्दानी र रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरिवी निवारणमा सहयोग पुर्‍याउने

(ग) कम लागत तथा बढी जनसहभागीतामा सञ्चालन हुने ।

(घ) स्थानीय साधन, स्रोत तथा सीपबाट सञ्चालन हुने ।

(ङ) पिछडिएका बर्ग महिला  र वालवालिकालाई प्रत्यक्ष लाभ हुने ।

(च) वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने ।

**थप प्राथमिकीकरणका आधारहरु :**

१. क्रमागत आयोजनाहरुलाई पहिलो प्राथमिकताक्रममा राख्ने ।

२. अधिकतम् जनसंख्या लाभान्वित हुने आयोजना छनौट गर्ने ।

३. लाभ र लागतको विश्लेषण गरी कम लागतमा बढी लाभ प्राप्त हुने आयोजनालाई प्राथमिकता दिने ।

४. दलित, जनजाती, महिला, अपाङ्ग साथै बालबालिकाहरु प्रत्यक्ष लाभान्वित हुने आयोजनाहरुलाई प्राथमिकता दिने ।

५. भौतिक पूर्वाधार विकासका साथसाथै मानवीय विकासमा टेवा पुर्‍याउने खालका आयोजना छनौट गर्ने ।

६. पुरानो भौतिक संरचनालाई असर पार्ने खालका आयोजना छनौट नगर्ने ।

७. निर्मित संरचनाहरुलाई मर्मत संभारमा निरन्तरता दिने ।

८. स्थानीय श्रोत साधनहरुको अधिकतम् परिचालन साथै स्थानीय स्तरमा रोजगार प्राप्त हुने खालका आयोजना छनौटमा जोड दिने ।

९. आन्तरिक तथा वाह्य पर्यटक आकर्षण हुने आयोजना छनौट गर्ने ।

१०. शिशु स्याहार केन्द्र, बृद्धाश्रम र विश्राम पार्क जस्ता आयोजना छनौटमा जोड दिने ।

११. स्थानीय बजार क्षेत्रको वातावरण सन्तुलनका लागि सार्वजनिक शौचालय निर्माण र प्रयोग गर्न जोडदिने ।

१२. गाउँ विकास समिति कार्यक्रम योजना तर्जुमा गर्दा बालमैत्री गाविस निर्माण गर्ने तर्फ ध्यान दिने ।

१३. स्थानीय जनताको आयस्तर बढ्ने र रोजगारी सृजाना हुने सीपमुलक तालिम, लघु उद्यम लगायत स्थानीय प्रविधिमा आधारित उद्यम व्यवसायलाई प्राथमिकताका साथ तर्जुमा गर्ने ।

१४. स्थानीय निकाय **स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९** को पूर्णपालना गरी योजना तर्जुमा गर्ने ।

१५. खानेपानी.सम्बन्धि योजना तर्जमा गर्दा V-wash plan तयार गरेका गाविसहरुले सोहि अनुसार गर्ने र तयार नगरेका गाविसहरुले V-wash plan तयार गर्न प्राथमिकता दिने ।

१६.जलवायु परिर्वतन र अनुकुलन लयायतका Emerging issues लाई समेत गाउँ विकास योजनामा समाहित गरी कार्यान्वयन गर्ने ।

## पर्वत जिल्लाको गरीवी न्यूनीकरणको दिर्घकालिन सोच :

*"विभिन्न सीप तथा क्षमताको विकास गरी स्थानीय स्रोत र साधनको उपयोग गर्दै सकरात्मक विभेद नीतिका आधारमा विभेद रहित तथा समतामूलक अवशरको सृजना गरी गरीवी न्यूनीकरण गर्ने "*

उल्लेखित सोचलाई पुरा गर्नका लागि जिल्ला विकास समिति पर्वतले देहाय बमोजिमका रणनीतिहरु तयार गरी त्यसैका आधारमा श्रोत प्रवाह गर्न प्रयाश गर्दै आएको छ।

१. सामाजिक रुपमा विभेद गरिएका वर्गहरु माथि हुने गरेका विभिन्न प्रकृतीका शोषण तथा सामाजीक कुरुतीहरुलाई अन्त्य गर्नको लागि उक्त वर्गको नेतृत्व तथा साझेदारितामा सामाजिक सशक्तिकरण र चेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्ने छ ।
२. गरिवी बस्तुगत विवरणका आधारमा सकरात्मक विभेद नीतिको कार्यान्वयन गर्दै अति गरिब घरधुरीहरुको लागि विभिन्न तालिम, गोष्ठी तथा भ्रमणहरुको आयोजना गरी उनीहरुको क्षमताको विकास गरी आयआर्जनमा वृद्धि गर्न सहयोग पुग्नेखालका कार्यक्रमहरु कार्यन्वयन गरिनेछ ।
३. जिल्ला भित्र जग्गा जमिनको स्वमित्व नभएका लालपुर्जा विहिन वर्गको पहिचान गरी उनीहरुको आय आर्जनमा वृद्धि गर्नको लागि स्थानीय स्तरमा खेर गैरहेको सार्वजनिक जमिन वा व्यक्तिको जमिन केही समयको लागि लिज वा करार सम्झौता गरी उत्पादनको लागि व्यवस्था मिलाउन गाउँ विकास समितिहरुलाई परिचालन गरिनेछ।
४. नीजी क्षेत्र, सरकारी -नीजी क्षेत्र, गैर-सरकारी क्षेत्र वीच साझेदारी र सहकारी क्षेत्रको भूमिका वृद्धि गरी रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
५. अति गरिव वर्गको पहिचानको लागि गरीवी परिचय-पत्रको व्यवस्था गरी कार्यन्वयन गर्न गैर-सरकारी क्षेत्रलाई प्रोत्सहान गरिनेछ ।
६. ग्रामिण क्षेत्रका वासिन्दालाई विभिन्न सामुदायिक संस्थाहरुमा आवद्ध गरी सहकारीको माध्यमद्धारा भावनात्मक एकता कायम गरी व्यापक जनसहभागिता अधिवृद्धि सहित दिगो विकासमा जोड दिइनेछ।
७. प्रत्येक आर्थिक वर्षको शरुवातमा लक्षित वर्गमा प्रवाह भएको श्रोतको लाभ लागत विश्लेषण गरी त्यसैका आधारमा कार्ययोजना तयार गरी स्रोत प्रवाह गरिनेछ।
८. जिल्लाका सवै गाविसहरुमा अति गरिव, दलित तथा पिछडीएको वर्गको आवाज सुनिने गर्न र स्रोतमा पहुँच विस्तार गर्नका लागि रुपान्तरणीय सामाजिक परिचालनको कार्यन्वयनमा जोड दिईनेछ।
९. गाउँघरमा छरपष्टरुपमा रहेका स-साना आम्दानीका स्रोतहरुलाई प्रर्वद्धन गरी लघु उद्यममा परिणत गर्नका लागि कृषि तथा गैर कृषि दुवै क्षेत्रमा जोड दिईनेछ ।
१०. लक्षित वर्ग मुखी कार्यक्रम तथा बजेटलाई उनीहरुबाटै सञ्चालन तथा जिल्ला स्तरिय समितिहरुको समन्वयमा परिचालन गरिने छ ।
११. लक्षित वर्गलाई विकासको मूलधारमा समाहित गर्नको लागि ठूला तथा धेरै समय र बजेट लगानी हुने प्रकृतीका नभै स-साना योजनाहरु जसले अतिगरिब, दलित, अल्पसंख्यक आदिलाई प्रत्यक्ष फाईदा पुर्‍याउने लाई कार्यन्वयनमा महत्व दिईने छ।
१२. क्षेत्रगत तुलनात्मक लाभ तथा एंव स्थानीय प्रतिस्पर्धात्मक क्षमताका आधारमा स्थानीय स्रोत एंव सीपको उपयोग गरी उत्पादन प्रणलीमा सुधार ल्याउन जोड दिईने छ।

....................................

शिवप्रसाद रिजाल

स्थानीय विकास अधिकारी

☎०६७-४२०१५४, ४२०२५६
🖷 ०६७-४२०१५४

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

## पर्वत

प.सं : ०७१/७२

च.नं. :

मितिः- २०७१/९/४

**विषय :- आ.व. ०७२/७३ को बजेट शिलिङ्ग र मार्गदर्शन पठाईएको सम्बन्धमा ।**

**श्री**

प्रस्तुत बिषयका सम्बन्धमा आगामी आ.व. २०७३/७४ मा तहाँ कार्यालयबाट सञ्चालन हुने आयोजना तथा
कार्यक्रम तर्जुमाको लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सीमा र मार्गदर्शन यसै पत्र साथ संलग्न राखी पठाईएको छ। सोहि बजेट सिमा र मार्गदर्शनको अधिनमा रहि योजना तर्जुमा गर्नुहुन अनुरोध छ।

.........................................

भीमबहादुर कुँवर

स्थानीय विकास अधिकारी